# २६६ मा कोरोना संक्रमण

**झापा, चैत २३।** देशभर पछिल्लो २४ घण्टामा थप २ सय ६६ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय चार हजार ५ सय ३६ जनाको पीसीआर परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। आजसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ७८ हजार २ सय १० पुगेको छ।

त्यस्तै पछिल्लो समय थप १ सय २ निको भएका छन्। योसँगै निको हुनेको सङ्ख्या दुई लाख ७३ हजार ३ सय ४२ रहेको छ। निको हुने दर भने ९८ दशमलव ३ प्रतिशत रहेको छ। अहिले देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ८ सय ३२ रहेको छ। उनीहरुमध्ये ६४ जना क्वारेन्टिनमा छन् भने अन्य आइसोलेशनमा रहेका छन्। हालसम्म



नेपालमा २२ लाख ८२ हजार ८ सय २४ को पीसीआर परीक्षण भएको छ। त्यस्तै तीन हजार ३६ जनाले कोरोनाको कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

काठमाडौं उपत्यकामा पछिल्लो समय १ सय ३६ जनामा कोरोना सङ्क्रमण देखिएको छ। जसमा काठमाडौंमा ९८, ललितपुरमा २६, भक्तपुरमा १३, चितवनमा ३७ र कास्कीमा १९ रहेका छन्। त्यस्तै पछिल्लो २४ घण्टामा चार जनाको मृत्यु पुष्टि भएको छ। ।

# यौन दुर्व्यवहार गरेको अभियोगमा खड्का पक्राउ

**मोरङ, चैत २३।** नौ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा बेलबारी नगरपालिका-६ सोमबारे बस्ने ५० वर्षीय गोपाल खड्कालाई प्रहरीले पक्राउ गरेको छ।

खड्काले ती बालिकालाई ललाई फकाई यौन दुर्व्यवहार गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बाहुनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## कनकाई...

समेत रहेका डा. शाही वरिष्ठ स्पाइन सर्जन हुन्।

त्यसैगरी हस्पिटलको कार्यकारी प्रबन्ध निर्देशकमा युवराज डाँगी चयन भएका छन् भने सञ्चालक समितिमा संस्थापक अध्यक्ष खेमराज श्रेष्ठ, पूर्व अध्यक्ष महेन्द्रबहादुर राई, फणिन्द्र चापागाँई, राजकुमार राई, किशोर भुजेल रहेका छन्।

डा. शाहीको अध्यक्षता तथा कम्पनी सचिव अधिवक्ता सोमबहादुर राईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पूर्वअध्यक्ष महेन्द्रबहादुर राईले स्वागत गरेका थिए। कार्यक्रममा संस्थापक अध्यक्ष श्रेष्ठ, संयोजक डाँगीलगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन सञ्चालक चापागाँईले गरेका थिए।

## खण्डन

पूर्वाञ्चल दैनिकको २०७७ चैत २३ गते प्रथम पृष्ठमा प्रकाशित महासंघ अध्यक्षमा प्रधान सम्पादक गिरीसहित तीन जनाको उम्मेद्वारी शीर्षक समाचारमा म हिमालचन्द्र खरेलको नेपाल पत्रकार महासंघ झापाको उपाध्यक्ष पदको उम्मेद्वारीमा प्रेस चौतारी र ओली समूहको वागी उम्मेदवारी भनेर प्रकाशन भएकोमा खण्डन गर्दछु।

म कसैको बागी नभई १ नम्बरमा उम्मेद्वारी दर्ता गरेको र मेरो उम्मेद्वारी नेपाल खेलकुद पत्रकार मञ्च झापाकोतर्फबाट रहेको स्पष्ट गराउँदछु।

*हिमालचन्द्र खरेल*


## पसल बिक्रीमा

रामो फाइदा दिइरहेको बिर्तामोडको मुक्ति चौकस्थित फेन्सी सुज स्टोर विशेष कारणले विक्री गर्नु पर्ने भएकोले व्यवसाय गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८५२६७४१७६

## जग्गा बिक्रीमा

बिर्तामोडस्थित भद्रपुररोड माछापुच्छे बैंक पश्चिम रहेको १० १/२ धुर जग्गा तु-बिक्रीमा छ। इच्छुकले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क : ९८४२७३०८२४


## महासंघ...

जना, सहसचिव (समावेसी)मा दुई जना, कोषाध्यक्षमा दुई जना, सदस्य (दलित)मा दुई जना, सदस्य (जनजाति)मा दुई जना, केन्द्रीय परिषद् सदस्य (खुल्ला) मा चार जना र सदस्य (खुल्ला) मा १९ जनाको उम्मेदवारी कायम रहेको निर्वाचन समितिका संयोजक चिन्तामणि दाहालले जानकारी दिए।

## आठ....

कार्यालयको अनुसार यो अवधिमा २० जनाले झुण्डिएर र २ जनाले बिष सेवन गरी कूल २२ जनाले आत्महत्या गरेको तथ्याङ्क प्रहरीसँग छ। सवैभन्दा बढी कात्तिक महिनामा ५ जनाले झुण्डिएर आत्महत्या गरेका थिए। साउन, असोज, मंसीर र पुसमा २/२, भदौमा ३ र माघ महिनामा ४ जनाले झुण्डिएर आत्महत्या गरेका थिए।

यसैगरी यसअवधिमा लागूऔषधका ३३ वटा मुद्दा दर्ता भएका छन्। अभद्र व्यवहारका १६, बहुविवाह, भवितव्य ज्यान, ठगी, सवारी ज्यानका १/१, जवरजस्ती करणी र जवरजस्ती करणी उद्योगका ५/५, चोरीका ४, मृत अवस्थामा फेला, बालयौन दुरुपयोग र कर्तव्य ज्यानका ३/३, पानीमा डुवेर मृत्यु भएको २ वटा मुद्दा दर्ता भएका छन्।

प्रहरीले आपराधिक घटना हुने सम्भावित क्षेत्रमा चौवीसै घण्टा गस्ती गरिरहेको, क्यूआरटीसहित सादा पोशाकमा समेत प्रहरी परिचालन गरिरहेको छ। जसले यस्ता घटना हुन नदिन सहयोग पुग्ने प्रहरीको भनाइ छ।

## नक्कली...

अमितकुमार गुप्तालाई बसको चालक भनी उपस्थित गराएका थिए।

यता जिल्ला प्रहरी कार्यालय सुनसरीबाट उनीमाथि अनुसन्धान गर्ने क्रममा गुप्ताले आफू दुर्घटना भएको बसको चालक नभएको र मलाई ५० हजार रुपैयाँ दिने र सम्मानित अदालतबाट छुटकारा समेत दिलाई दिने भनी आर्थिक प्रलोभनमा पारी उपस्थित गराएको जानकारी गराएसँगै घटनाको यथार्थ बाहिरिएको थियो।

पीडित पक्षलाई किरियाखर्च, क्षतिपूर्ति दिलाउनुपर्ने संस्थाको जिम्मेबार कर्मचारी तथा बसका सञ्चालक राजु थापाले दायित्वबाट विमुख भई घटनालाई ढाकछोप गरी बास्तबिक चालकलाई जोगाउन खोजेको हुँदा संघका प्रतिनिधिहरु र नक्कली चालक उपर समेतलाई सवारी तथा यातायात व्यवस्था ऐन २०४९ अनुसार कानूनी कारबाही प्रकृया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

## डिभिजन वन कार्यालय, झापा

प्रदेश नं. १ नेपाल

सम्पर्क : ०२३-४५५०५३

- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं। आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं।
- वन क्षेत्रमा मानिसहरु हिंड्ने बाटोको दायाँ-बायाँ तथा घरबारी वरिपरि रहेका पातपतिङ्गर जस्ता सजिलै बल्न सक्ने पदार्थहरुलाई हटाई सफा राखौं।
- गाउँ, टोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौं र बचाऔं।
- आगलागी भई हालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं। आफ्नो ज्यानमा खतरा नहुने गरी वन डढेलो निभाऔं।
- वनमा आगो लगाउनु दण्डनीय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानूनी कारबाही गराऔं।

## सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-१, झापाको सूचना

यस सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि. कार्यालयमा लामो समयदेखि सम्पर्कमा नरहनुभएका सम्पूर्ण शेयर तथा बचत सदस्य महानुभावहरुमा यो सूचना प्रकाशित मितिबाट एक हप्ताभित्रमा कार्यालयमा सम्पर्क गरी आफ्नो बचत रकम रुजु गराई बचत सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं, अन्यथा हुन गएमा स्वतः खाता बन्द हुनेछ।

अध्यक्ष

सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड, झापा (फोनः ०२३-५४५९८३)


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस।


## वीरेन्द्र मिश्र र रुवीकुमारी पाण्डेयको नाममा जारी गरिएको १५ दिने सूचना

मितिः २०७७।१२।२५

झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. ५ बस्ने दुर्गाराज्य लक्ष्मी थापाले मिति २०७७।०८।२९ गतेका दिन यस कार्यालयमा पेश गरेको माग निवेदन बमोजिम बिर्तामोड नगरपालिका वडा नं. ५स्थित दुर्गाराज्य लक्ष्मी थापाको नाममा दर्ता कायम रहेको साविक अनारमनी-३ हाल बिर्तामोड-५मा पर्ने कि.नं. १८९ को ज.वि. ११८.५१ जग्गामा बनेको तीन तल्ला पक्की घरको भुईं तलामा तपाईहरु मिति २०७५।०५।१० गतेदेखि मासिक भाडा रु. ६५००।- (छ हजार पाँच सय)मा बस्दै आएकोमा मिति २०७७।६।१८ गतेका दिनदेखि घर घाडा नतिरी सम्पर्कविहीन भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा सम्पर्कमा आई निज घरधनी दुर्गाराज्य लक्ष्मी थापालाई शर्त बमोजिमको भाडा भुक्तानी गरी घर खाली गराई दिनुहुन अनुरोध छ। अन्यथा कानूनी भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**राजेन्द्रप्रसाद लिङ्देनः वडाध्यक्ष**

**बिर्तामोड नगरपालिका ५ नं. वडा कार्यालय, बिर्तामोड, झापा**

## शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

व्यांगडाँडा, झापा (१ नं. प्रदेश, नेपाल)

# सेवा करारमा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७७/१२/२४**

यस नगरपालिकाका लागि देहाय बमोजिमका पदको सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट शिवसताक्षी नगरपालिकाद्वारा स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको **मितिले १५(पन्ध्र) दिनभित्र** (१५औं दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टभित्र ) रितपूर्वकको दरखास्त आव्हान गरिन्छ।

**क) पदको विवरणः-**

| विज्ञापन नं. | पद | पद संख्या | न्यनूतम् शैक्षिक योग्यता | दरखास्त शुल्क रु. |
|---|---|---|---|---|
| ०५-०७७/७८ | अमिन | ६ (छ) | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी TSLC In Engineering Survey (अमिन) कोर्ष उत्तीर्ण गरेको। | रु. ३००।- |

**ख) दरखास्त दिने स्थान :-** शिवसताक्षी नगरपालिकाको कार्यालय, ब्याङ्डाँडा, झापा

**ग) दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :-** (१) व्यक्तिगत विवरण (२) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि (३) न्यूनतम शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (४) दरखास्त दस्तुर बुझाएको नगदी रसिद। (उल्लेखित प्रमाण पत्रका प्रतिलिपिहरु स्वयम् प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्ने छ तथा अन्तरवार्ताको दिन सक्कलै प्रमाण-पत्रहरु लिएर आउनुपर्ने छ।

**घ) उमेरको हद :** दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

**ङ) छनौट प्रकृया :** अन्तरवार्ता।

**च) सेवा सुविधा :** शिवसताक्षी नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

**छ) सम्पर्क मितिः** २०७८/०१/१० गते।

रीतपूर्वक दरखास्त फारम भरी स्वयम् उपस्थित भई दरखास्त दर्ता गर्नुपर्ने छ। रीत नपुगी आएको वा म्याद नाघी आएको दरखास्त उपर कुनै कार्यवाही हुनेछैन।

ज) अन्तरवार्ताको मिति, समय र स्थान पछि तोकिने छ।

**द्रष्टब्यः:** अन्य विस्तृत जानकारीका लागि शिवसताक्षी नगरपालिकाको वेबसाईट www.shivasatakshimun.gov.np मा हेर्नहुन तथा यस कार्यालयको फोन नं. ०२३-४७०३२३ मा सम्पर्क राख्न सकिने छ।

- प्रमुख प्रशासकीय अधिकृत

## कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा (१ नं. प्रदेश, नेपाल)

# कर्मचारी करारमा लिने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति :- २०७७/१२/२४**

कनकाई नगरपालिकाको मिति २०७७।१०।१६ गतेको निर्णयअनुसार यस नगरपालिकाको लागि आवश्यक तपशिलको पदमा पदपूर्ति वा सेवा परामर्शबाट सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले तपशिलको शर्तको अधिनमा रही कामकाज गर्न इच्छुक नेपाली नागरिक/फर्मबाट १५ दिनभित्र आवेदन आव्हान गरिन्छ।

**क) तपशिल**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | माग र पद विवरण | | |
|---|---|---|---|---|---|
| | | | पद | तह | जम्मा माग पद संख्या |
| १) | प्र.१५.२०७७।०७८ | करार | कानून अधिकृत | अधिकृत छैठौं | १ |

**शैक्षिक योग्यता र अनुभव :-**

- नेपाली नागरिकता प्राप्त भएको।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह उत्तीर्ण गरेको।
- अधिवक्ता रजिष्टर नम्बर प्राप्त भएको।
- अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको

**१) परीक्षाको किसिम :-** तोकिए बमोजिम।

**२) करार अवधि :** ६ महिना, कार्यसम्पादन राम्रो भएमा म्याद थप गर्दै लैजान सकिने।

**३) सुविधाः** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**४) दरखास्त दस्तुरः** रु. १०००।- यसै कार्यालयमा बुझाउनुपर्नेछ। **५) सम्पर्क मितिः** २०७८।०१।०२ गते

**विवेक भण्डारीः प्रशासकीय अधिकृत**

## बुद्धशान्ति गाउँपालिका

गाउँपालिकाको कार्यालय

बुधवारे, झापा (१ नं. प्रदेश, नेपाल)

# करार सेवामा कर्मचारी भर्ना गर्ने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति :- २०७७/१२/२३**

व्यक्तिगत घटना दर्ता अभियान अन्तर्गत व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्नका लागि निम्न कर्मचारीहरु करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले इच्छुक र योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**क) तपशिल**

| क्र.सं. | वि.नं. | माग र पद विवरण | संख्या |
|---|---|---|---|
| १) | १७ | व्यक्तिगत घटना दर्ता विवरण संकलक | २१ |
| २) | १८ | सामाजिक सुरक्षा भत्ता विवरण संकलक | ७ |
| ३) | १९ | विवरण प्रविष्टकर्ता | ७ |

**क.न्यूनतम शैक्षिक योग्यताः-**

**व्यक्तिगत घटना दर्ता विवरण संकलक :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ उत्तीर्ण गरेको

**सामाजिक सुरक्षा भत्ता विवरण संकलक :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ उत्तीर्ण गरेको

**विवरण प्रविष्टकर्ता -** प्रवीणता प्रमाणपत्र तहमा कम्पुटर विषय लिई उत्तीण गरेको वा १०+२ उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको।

**ख. उमेर-** १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)।

ग. सेवासम्वन्धी प्रचलित कानून वमोजिम अयोग्य नभएको।

- **छनौटको किसिमः** संक्षिप्त सूची र मौखिक अन्तर्वार्ता। - **आवेदन शुल्कः** रु. २००।- (दुई सय मात्र)।
- **दस्तुर बुझाउने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र र सो दिन विदा भए सोको भोलिपल्टसम्म।
- **तलव स्केल तथा अन्य सुविधा :** प्रति दिन रु.१२०० मात्र। (अन्य कुनै सुविधा उपलब्ध हुने छैन)
- **सम्पर्क मितिः** म्याद समाप्त भएको भोलिपल्ट। - **परीक्षा मितिः** तोकिए वमोजिम।
- **करार अवधिः** १६ दिन
- **आवश्यक कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेका देहाय वमोजिमका कागजातका प्रतिलिपिहरु।

१. आवेदकको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपिहरु २. नेपाली नागरिकताको प्रतिलिपि

३. अनुभव खुल्ने कागजातहरु ४. राजश्व तिरेको रसिद ५. उम्मेदवारको पासपोर्ट साइजको फोटो २ प्रति

## कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा (१ नं. प्रदेश, नेपाल)

# सटर भाडा लगाउने सम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति :- २०७७/१२/२४**

यस कनकाई नगरपालिका-७ दुर्गापुर बजारमा रहेको व्यापारिक भवन भाडामा लगाउन मिति २०७७।०९।२३ को वडा समितिको सिफारिस तथा मिति २०७७।१०।०९को राजश्व परामर्श समितिको निर्णय तथा मिति २०७७।१२।१३ गतेको मूल्यांकन समितिको सिफारिस बमोजिम तपशिलका ६ वटा व्यापारिक सटरहरु भाडामा लगाउनुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म/संघ-संस्थाले तपशिलको शर्तको अधिनमा रही मिति २०७७।१२।२३ गतेदेखि मिति २०७८।०१।०६ गते सम्म कार्यालय समयभित्र रु. १००० अक्षरेपि एक हजार (फिर्ता नहुने) तिरी फारम खरिद गर्न सकिनेछ। खरिद गरिएको फाराम तोकिएको ढाँचामा भरी १६औं दिनको १२ बजेभित्र शिलबन्दी गरी यस नगरपालिकामा दर्ता गराउनुपर्नेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा बिदा लगत्तै कार्यालय खुलेको दिनको २ बजे रितपूर्वक खोलिनेछ।

**शर्तहरु**

१) कोठा भाडा लिन चाहने व्यक्ति, फर्म वा संघ-संस्थाले प्रतिमहिना पछाडि तर्फको सटरको मासिक भाडा न्यूनतम् रु. २५०० अक्षरेपी दुई हजार पाँच सय र प्रति सटरको न्यूनतम धरौटी रु. १,५०,०००।- अक्षरेपी रुपैयाँ एक लाख पचास हजार हुनेछ। व्यापारिक सटरहरु पूर्ण रुपमा निर्माण भई सञ्चालनको लागि तयार भए पश्चात मात्र सम्झौता गरी उल्लेखित दरको मासिक भाडा रकम लिइनेछ। कवोल गर्ने व्यवसायीले धरौटी वापतको रकम प्रस्ताव स्वीकृत भएको ३ दिनभित्रमा जम्मा गर्नुपर्नेछ। निर्धारण गरिएको मासिक भाडा र धरौटी रकमभन्दा बढी कवोल गर्ने व्यक्ति फर्म वा संघ-संस्थाले शिलबन्दी गरेको फारमलाई प्राथमिकता दिइनेछ। बढी भाडा कवोल भई आएको आधारमा कोठाको संख्या ध्यानमा राखी क्रमशः कोठा उपलब्ध गराइनेछ।

**कोठाका विवरणहरु**

| क्र.सं. | कोठाको विवरण | संख्या | कोठाको लम्बाई/चौडाई | मासिक भाडा दर | प्रति सटर धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १) | सटर पछाडिको | ६ | ११+१२ | २५००।- | १,५०,०००।- | पश्चिमतर्फ सटर |

२) तपशिल बमोजिमको व्यवसायलाई मात्र सटर भाडामा उपलब्ध गराइनेछ।

क) कस्मेटिक, कपडा, औषधि, इलेक्ट्रोनिक्स, भाँडाकुडा, कार्यालय प्रयोजन, भेटरीनरी, व्यूटीपार्लर, किराना, पसल (होटल व्यवसाय बाहेक) अन्यलाई सटर उपलब्ध गराइनेछ।

ख) वडाभित्र रहेका आफ्नै घरबाट व्यवसाय सञ्चालन गरिरहेको व्यवसायीलाई सटर उपलब्ध गराइनेछैन।

ग) वडा तथा नगरवासी पुराना व्यवसायीलाई पहिलो प्राथमिकता दिई सटर उपलब्ध गराइनेछ।

घ) १ व्यवसायी १ सटरको रुपमा उपलब्ध गराइनेछ।

ङ) अघिल्लो सूचनामा स्वीकृत भई सटर प्राप्त गर्ने र अयोग्य भएका फर्महरुले यस सूचनामा आवेदन पेश गर्ने पाउने छैन।

३) सटर भाडामा लिन इच्छुक व्यक्ति, फर्म, संघ-संस्थाले धरौटी वापतको रकम यस कनकाई नगरपालिकाको नेपाल बैंक सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं. १४७०३०००००३००००००१ मा नगद जम्मा गरी सक्कल भौचरसहित फारम भर्नुपर्नेछ।

४) फारमका साथमा निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको छायाकपी र फर्म संघ-संस्थाले संघ-संस्थाको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको छायाकपी, करचुक्ता प्रमाणपत्रको छायाकपी पेश गर्नुपर्नेछ।

५) नेपाल सरकार नगरपालिका वा अन्य संघ-संस्थालाई बहालकर लगायत दस्तुर बुझाउनु परेमा भाडावालाले बुझाउनुपर्नेछ।

६) सटर भाडा उपभोग गर्दाको अवस्थामा जडान गरिएको बिजुली, धारा, टेलिफोन वा अन्य वापतको महशुल सटरवालाले नै बुझाउनुपर्नेछ।

७) यस सूचनामा उल्लेखित नभएका विषयहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**विवेक भण्डारीः प्रशासकीय अधिकृत**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# आर्थिक पारदर्शिता कायम गर

**झापाका दर्जनौं विद्यालयहरुले सरकारले लगानी गरेको करोडौं रुपैयाँ खर्चको विवरण फछ्र्यौट गरेका छैनन् । शिक्षा विकास तथा समन्वय समिति झापाले सरकारको लगानी रहेको भौतिक संरचना निर्माणतर्फको खर्च फरफारक नगरेको भन्दै समितिका इकाइ प्रमुख राजकुमार विकले प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिकै लापरवाहीले राज्यको करोडौंको लगानी फछ्र्यौट हुन नसकेको बताए । झापाका पन्ध्र वटै स्थानीय तहका सामुदायिक विद्यालयहरुमा शौचालय, भवन, मर्मत–सम्भार लगायतका शीर्षकमा राज्यका तर्फबाट गरिएको लगानी र खर्चको विवरण फरफारक नगर्दा आर्थिक हिनामिना भएको मानिन्छ । प्रचलित कानून अनुसार विधि–प्रक्रिया पूरा नगरी गरिएको खर्च बेरुजू हो र त्यस्तो खर्चलाई कानूनी भाषामा अनियमितता नै भनिन्छ ।**

**आर्थिक अनुशासनहीनताको उपज मानिन्छ, यसरी बेमुनासिब तरिकाले गरेको आर्थिक कारोबारलाई । सार्वजनिक संस्थाहरुको आम्दानी र खर्चको विवरण राख्न, खर्च गर्न महालेखा परीक्षकको कार्यालयले निर्दिष्ट गरेको विधिको पालना गर्नुपर्दछ । तर, झापाका सामुदायिक विद्यालयहरुले त्यस्तो विधि, प्रक्रिया पूरा नगरी खर्च गरेका र खर्च विवरण पनि फछ्र्यौट नगरेको भन्दै ती विद्यालयहरुको नामावली नै सार्वजनिक गरेको छ । अनुशासन, नैतिकता आदर्श, मूल्य र मान्यताको शिक्षा दिनुपर्ने विद्यालयहरुले नै कानून विपरीतका कामहरु गर्दै जाँदा भविष्यमा राज्यबाट प्राप्त गर्ने सुविधा पनि कटौती हुन सक्नेतर्फ ध्यान दिन जरुरी छ ।**

**आर्थिक पारदर्शिता सुशासनको एउटा प्रमुख आधार हो । राज्यद्वारा बितरित खर्चको विवरण निर्धारित प्रणाली अनुसार नराख्नु, शीर्षक अनुसार खर्च नगर्नु, बजेट शीर्षकको सीमा उल्लंघन गर्नु अनियमितता नै हो । यदि तत्कालीन आवश्यकता अनुसार फरक शीर्षकमा खर्च गरिए तत्काल सम्बन्धित पक्षलाई जानकारी दिएर फरफारक गर्नु इमान्दारिता हो । राज्यकोषद्वारा प्राप्त अनुदान, सहयोग वा ऋण पारदर्शी, मितव्ययी र वैधानिक ढंगले खर्च नगरिंदा तालुकवाला निकायले सवाल गर्ने, नियमन र नियन्त्रण गर्ने गर्नुपर्छ । अन्यथा अनियमितता पद्धति हुनपुग्छ । त्यसैले बेरुजु देखिएका विद्यालयहरुलाई कानूनी दायरामा ल्याउन अब स्थानीय सरकारले कदम चाल्नु पर्दछ । त्यसो नगरिए विधिको शासनको मान्यता अस्वीकृत हुन पुग्छ । कानूनी राज्यको नारा नारामै सीमित रहन सक्छ ।**

# जनशक्ति विकासका सवाल र समस्या



**ईश्वरीप्रसाद पोखरेल**

जनशक्तिको वैज्ञानिक उत्पादन, विकास तथा उचित प्रयोगले मात्र मुलुकको सामाजिक, आर्थिक जीवनमा युगान्तकारी परिवर्तन ल्याउन सक्छ। श्रमशक्तिमा दक्ष र व्यवसायिक नागरिक स्वदेश तथा विदेशका जुनसुकै कुनामा सम्मानजनक रोजगारीका हकदार हुन सक्छन्। यसर्थ शिक्षा पद्धति तथा तालिम प्रशिक्षण सिप अभिवृद्धिमा राज्यको ध्यानाकर्षण हुनु पर्दछ। सर्वप्रथम जनशक्तिको उत्पादन र उपयोग सम्बन्धी स्पष्ट राष्ट्रिय नीति चाहिन्छ। देशलाई संघ, प्रदेश तथा स्थानीय तहमा वर्गीकरण गरिएको सन्दर्भमा ती राज्य तहलाई भविष्यमा के-कति ? कस्ता-कस्ता विषय क्षेत्रका कुन-कुन सिप तहका के-कति संख्यामा जनशक्तिको खाँचो हुन्छ ? वैज्ञानिक अध्ययन तथा त्यस अनुसार जनशक्ति तयार गर्ने उत्पादन र विकास गरिनुपर्ने नीति हुनु पर्दछ। नेपाली श्रम बजार वा विश्वबजारमा आफ्ना नागरिकलाई सहज पहुँच पुग्ने किसिमको दक्ष जनशक्ति विकास अनिवार्य भएको छ।

संविधानको समाजवाद उन्मुख स्वाधीन, सम्मुन्नत, स्वतन्त्र र समृद्ध राष्ट्र निर्माणमा टेवा पुऱ्याउन मुख्य योगदान शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, विज्ञान प्रविधि, ऊर्जा, कृषि, पशुपालन, वन तथा पूर्वाधार भौतिक विकास क्षेत्रको हुन्छ। यसर्थ, समाजका सबै नागरिकको ज्ञान, सीप र क्षमता अभिवृद्धिमा शिक्षा र स्वास्थ्य पहिलो प्राथमिकतका विषय मानिन्छन्। जनशक्ति विकास सम्बन्धी कार्यको प्रारम्भ र अन्त कहिल्यै हुन सक्दैन तथा समाजको गति र अवस्थामा यसका विषयहरु पनि रुपान्तरण भइरहन्छन्।

शैक्षिक तथा तालिम प्रदायक संस्थाहरुलाई योजनाबद्ध समन्वय तथा भावी मार्ग तथा दिशा निर्धारण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको उच्च भूमिका हुन्छ। विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयहरु, शैक्षिक तथा स्वास्थ्य प्रतिष्ठानहरु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) जस्ता प्राज्ञिक तथा प्राविधिक केन्द्रहरुलाई स्थापना हुनुको उद्देश्य तथा विषय केन्द्रित गर्न अति जरुरी भएको छ। प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसहित सबै तालिम प्रशिक्षण केन्द्रहरुसँग सहकार्य, समन्वय र वैज्ञानिक पेशागत व्यावसायिक सिप विकासको थालनी हुनु अनिवार्य भएको छ। यसर्थ, मुलुकका लागि आवश्यक पर्ने जनशक्ति प्रक्षेपण, उत्पादन तथा विकास एवम् कार्यस्थलमा कार्यान्वयनको आगामी योजना, रणनीति, कार्यनीति राष्ट्रिय तहमा निर्माण हुनु जरुरी देखिन्छ। यस सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तहका लागि विशष्टीकृत कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धित क्षेत्रमा विषयगत दक्ष जनशक्ति उत्पादन तथा विकास गर्ने नीति कानूनी रुपमा तय गरिनु उचित हुन्छ।

**जनशक्ति विकासका समस्या**

मानव संसाधन विकासका सन्दर्भमा मन्त्रालयको अध्ययन तथा प्राप्त तथ्यगत प्रमाणका आधारमा मुख्य रुपमा तलका प्रमुख पक्षमा शिक्षण सिकाइ तथा तालिम प्रशिक्षणको दिशा केन्द्रित हुनुपर्ने स्पष्ट हुन्छ। जस्तै :

१) विज्ञान संकाय तर्फ क्रमशः विद्यार्थी संख्या घट्दै गएका छन्, तर विज्ञान प्रविधितर्फ बढी जनशक्तिको आन्तरिक बजार माग बढ्दो छ। जनशक्ति विकास सन्दर्भमा राष्ट्रिय आवश्यकता परिपूर्तिको समस्या तथा चुनौतिका सामना गरी विद्यार्थी भर्नाको असन्तुलन हटाएर दक्ष जनशक्तिको आपूर्ति मिलाउने दायित्व पूरा गर्नुपर्ने हुन्छ।

२) बजारीकरण, पेशा व्यवसायमा विविधिकरण भएकोले सेवा क्षेत्रमा जनशक्ति क्रमशः बढाउनुपर्ने माग उच्च रहेको छ। प्रायः ठूलो जनशक्ति सहभागी हुने कृषि क्षेत्रमा प्राथमिक तथा अनौपचारिक सिप तहका कामदारको बाहुल्यता पाइन्छ। आयार्जन तथा समुन्नत जीवनस्तरका लागि अति न्यून सीपका कृषकहरुको संख्या घटाउने तथा गुणात्मक जनशक्तिको आपूर्ति बढाउने दायित्व सिर्जना भएको छ।

३) विद्यालयदेखि उच्च शिक्षाका क्षेत्रमा साधारण शिक्षामा विद्यार्थी भर्ना दर निकै नै बढी छ। तर, सबै किसिमका प्राविधिक तथा व्यावसायिक धारमा अति कम विद्यार्थी भर्ना दर देखिन्छ। यो विषमतालाई सन्तुलनमा ल्याउन तथा नीतिगत संशोधन, थप हुनुपर्ने र घट्नुपर्ने कार्यक्रम, विषय, पाठ्यक्रम समायोजनमा ध्यान दिने शैक्षिक नेतृत्वको खाँचो छ। प्राविधिक तथा व्यावसायिक माध्यमिक तहको शिक्षाको आवश्यकताको सम्बोधन गर्न सबै स्थानीय तहमा पुग्ने प्रबन्ध हुनु पर्दछ। सिपयुक्त शिक्षामा विद्यार्थी भर्ना संख्यामा ठूलो परिवर्तनका मार्ग पहिल्याउन शिक्षामा आर्थिक लगानी बढाउने दायित्व पनि थपिएको छ।

४) विश्व आर्थिक उदारीकरणको सन्दर्भमा नेपाल पनि खुला बजारमा प्रवेश भए अनुरुप विश्वका धेरै विश्वविद्यालयका कार्यक्रमहरु प्रतिस्पर्धा साथ नेपालमा प्रवेश भएका छन्। तर, जनशक्ति उत्पादनका दृष्टिकोणले ती संस्थाहरुलाई पथ प्रदर्शन गर्न तथा उचित रुपमा नियमन



गर्न नसकिएको अवस्था छ। कतिपय सन्दर्भमा विद्यार्थी प्राज्ञिक, प्राविधिक तथा विषयगत रुपमा ठगिएको सवालमा राज्य उत्तरदायी हुने तथा देशभित्र दक्ष जनशक्तिको सुव्यवस्था मिलाउने दायित्व पनि काँधमा आएको छ।

५) नेपालको समग्र अर्थतन्त्रको विकासका लागि प्राथमिक, द्वितीयक र तृतीयक विषय क्षेत्रमा आवश्यक पर्ने (पेशाविद्, व्यवस्थापक, विशेषविज्ञ) जस्ता जनशक्तिहरुको सूक्ष्म अध्ययन हुन नसकेको अवस्था छ। यसर्थ, अनौपचारिक तथा सिपहीन जनशक्तिको भरमा मुलुक चलिरहेको अवस्था अध्ययन गरी उचित निकास निकाल्ने दायित्व पनि थपिएको छ।

६) जुनसुकै विषय क्षेत्रको आधारभूत ज्ञान तथा सिप सम्बन्धित विषय क्षेत्रको पहिलो तह हुने गर्दछ। अनौपचारिक वा औपचारिक किसिमको पहिलो तहको सिपको तुलनामा क्रमशः दोस्रो, तेस्रो तथा चौंथो तहमा जनशक्ति उत्पादनको पहुँच र अवसर वृद्धि हुँदै जानुपर्ने हुन्छ। तर, यस विषयमा अति कम ध्यान दिएको तथा अवसर एवम् पहुँच उपलब्ध भएको पाइन्छ। आम सर्वसाधारण जनतालाई विशेष रुपमा दोस्रो तहको सिपवाला जनशक्तिको रुपमा लैजानुपर्ने माग श्रम बजारमा धेरै छ, तर उत्पादन तथा आर्थिक लगानी समेत ज्यादै कम भएकोले अवसरको अभाव हटाउने ठूलो चुनौति छ।

७) उच्च शिक्षाको प्राविधिक तथा व्यावसायिक शिक्षामा ठूलो लगानीका छात्रवृत्ति उपलब्ध हुने नीति कार्यान्वयन छ। तर, विद्यालय तहको वा तालिम प्रशिक्षणबाट निम्न तथा मध्यम खालको जनशक्ति विकासको अवसर कमजोर छ। यस सन्दर्भमा देशका नागरिकलाई सिपयुक्त तथा पेशाबद्ध बनाउने क्षेत्रमा आर्थिक लगानी बढाउने दायित्व पूरा गर्न नीतिगत व्यवस्था गर्न राजनीतिक तथा कानूनी बहस पनि खाँचो भएको छ।

८) जिम्मेवार पदाधिकारी तथा आम नागरिकहरुमा समेत उच्च चरित्र, नैतिकता र पदीय काम, कर्तव्य र अधिकार प्रतिको जवाफदायी हुने उच्च संस्कारको अभाव देखिएको छ। वैद्य बाटोभन्दा अवैध मार्गमा रमाउने र मिलेमतोमा अपारदर्शी संलग्नताले पदाधिकारी वर्गको नेतृत्वप्रति विश्वास घटेको सुनिन्छ। यसरी सुशासनमा खडेरी बढोत्तरी भएको विद्यमान सन्दर्भमा देशको भविष्य उज्ज्वल पार्ने तथा देशको नेतृत्व प्रति विश्वस्त तुल्याउने आधार स्थापना गर्ने दायित्व पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको काँधमा आएको छ।

**जनशक्ति विकास तथा परिचालनमा नेपाली सार्वजनिक सेवाका समस्या**

मानव संसाधन विकासमा वैज्ञानिक किसिमको अभिलेख व्यवस्थापन, शैक्षिक तथा प्रशिक्षणबाट उत्पादन योजना तथा खपत हुने क्षेत्र पहिचान आदिको अभाव नेपालको जनशक्ति व्यवस्थापकीय समस्या रही आएको छ। जतिबेला चाहियो, त्यतिबेला बजारमा चाहिएको जनशक्ति खोज्ने प्रवृत्तिले धेरै क्षेत्रमा राज्य अन्योलता र विसङ्गतिहरूबाट थिचिने र आलोचना हुने गरेको छ। उपयुक्त जनशक्तिको योजनाबद्ध रुपमा समयमै खोजी गर्ने, आवश्यक स्रोत पत्ता लगाएर स्वदेशभित्र वा बाहिर अध्ययन गर्न पठाएर दक्ष जनशक्ति समयमा नै कार्य क्षेत्रमा उतार्न नसक्ने गर्दा सरकार अनाहकमा सधैं आलोचित तथा विवादित हुने गर्दछ।

देशमा धेरै विकास वा सेवा उत्पादनका क्षेत्रमा विषयगत प्राविधिक तथा व्यावसायिक दक्ष जनशक्तिको अभाव हुने गर्दछ। तोकिएको समय तथा आर्थिक लागतमा निर्धारित आयोजना, परियोजना समापन गर्न नसकेका र दुई/तीन गुणासम्म समय र आर्थिक लगानी बढेका सयौं उदाहरण छन्। पछिल्लो एक साधारण उदाहरण हेरौं नेपालमा रेल सेवा सञ्चालन गर्ने योजना एक दशक पुरानो हो। रेल सञ्चालनका पूर्वाधार तयार भइसक्यो, विदेशबाट रेल किनेर ल्याइसकियो, तापनि रेल सञ्चालनका लागि बेलैमा आवश्यक पर्ने जनशक्ति तयार नगरिएकोले रेल आएको पाँच/छ महिनासम्म त्रिपालले ढाकेर राखिएको छ। रेल नेपालमा भित्रिना साथ सेवा सञ्चालन गर्न सकेको भए सरकारको कति प्रशंसा हुँदो हो ? जनताले कति आशीर्वाद दिँदा हुन्। तर सोच्ने तथा कार्यान्वयन कसले गर्ने ? चिन्ताजनक स्थिति पाइन्छ।

**सार्वजनिक सेवामा दूरदर्शिता अभिवृद्धि आवश्यक**

शासकीय, प्रशासकीय तथा व्यवस्थापकीय दूरदर्शिताको अभावले मुलुकमा समस्या नै समस्या सिर्जना हुन्छन्। राजनीतिक तथा प्रशासनिक तहबाट कुनै उचित समाधान हुँदैन, उल्टो एकपछि अरु समस्याहरु थपिँदै जान्छन्, नेपालमा योजना, आयोजना निर्माणका सम्बन्धमा भएको यथार्थ सत्य यही हो। जस्तै भन्न सकिन्छ, रेल सञ्चालन गर्ने विगतको निर्णयका साथै नेपाल सरकारका सम्बन्धित मन्त्रालय, विभागका जिम्मेवार पदाधिकारी वर्गको ध्यान पूर्वाधार विकासका सँगसँगै रेलवे सञ्चालन सम्बन्धी जनशक्ति व्यवस्थापन तथा स्थायी प्रबन्धको तयारीमा लागेको भए, देशले धेरै आर्थिक नोक्सानी तथा अन्तर्राष्ट्रिय बदनामी व्यहोर्न नपर्दो हो। यस्ता क्षति तथा खति नोक्सानी वा लापरवाहीका विषय कुनै एक क्षेत्रमा मात्र होइन सयौं विषयगत, प्राविधिक, व्यवस्थापकीय, शासकीय क्षेत्रमा अनगिन्ती समस्याका रुपमा नेपालमा देखिन्छन्। यसर्थ, सार्वजनिक सेवामा दूरदर्शिता अभिवृद्धि तथा प्रत्येक तह, वर्गका पदाधिकारी वर्गको जवाफदेहिता एवम् हानि नोक्सानी भएमा क्षतिपूर्ति भर्नुपर्ने व्यवस्था शासन प्रणालीमा आवश्यक भएको अनुभव हुन्छ।

**जनशक्ति विकास योजना कार्यान्वयन रणनीति**

मुलुकको आवश्यकता तथा शैक्षिक संस्थागत उद्देश्य बमोजिमको विषयगत दक्ष, पेशागत नैतिक आचरण, श्रमप्रति इमानदार तथा देश र जनताप्रति जवाफदेही हुने सक्षम जनशक्ति तयार पार्ने तथा बजारमा उपलब्ध गराउने दायित्व उच्च शैक्षिक संस्थाहरुको हुन्छ। सबै विश्वविद्यालयहरुको वैज्ञानिक सेवा क्षेत्र निर्धारण तथा कार्य क्षेत्र तथा विषय क्षेत्रमा जिम्मेवारी मुख्य भएको छ। त्यसैगरी रोजगारको क्षेत्रमा प्रवेश गर्दा कुनै व्यवहारिक ज्ञान तथा पेसागत जानकारी नभएका जनशक्तिलाई सेवा प्रवेश तालिम दिने तथा आवश्यकता अनुसार सेवाकालीन तालिम प्रशिक्षणबाट अद्यावधिक गर्ने एवम् कार्यान्वयनमा उतार्न तथा सकारात्मक नतिजा दिन सहयोगी भूमिका खेल्ने काम विषयगत वा सेवासम्बद्ध तालिम प्रदायक निकायहरुको हुन्छ। विषयगत पेशागत क्षेत्रमा आवश्यक पर्ने विभिन्न सीपको माग बमोजिमको अध्यावधिकता र थप निखारता पूर्वक क्षमता अभिवृद्धि गर्ने कार्य क्षेत्रगत तालिम प्रदायक निकायहरुको हुने गर्दछ।

**शैक्षिक तथा तालिम प्रतिष्ठानहरुको भूमिका**

मुलुकको सार्वजनिक सेवाको सबै पक्षमा गुणात्मकता र विश्वसनीयता कायम गर्न विश्वविद्यालय/शैक्षिक प्रतिष्ठान/प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्/विश्वविद्यालय अनुदान आयोग/चिकित्सा शिक्षा आयोग/नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान एवम् सबै विषयगत पेशागत तालिम प्रशिक्षण प्रतिष्ठान वा केन्द्र जस्ता निकायहरुको सहकार्य, सहयोग तथा जिम्मेवार तथा जवाफदेही भूमिका महत्वपूर्ण हुन्छ। यस सन्दर्भमा ती निकायहरुको कार्यक्षेत्रमा सुदृढीकरण, समसामयिक कार्यक्रममा अद्यावधिकता, थप कार्य क्षेत्रको विस्तार तथा भावी भूमिकाको खोजी महत्वपूर्ण हुन्छ।

अन्त्यमा, जनशक्ति विकास बिना सुन्दर सपनाको समृद्ध नेपालको कल्पना अधुरो हुन्छ। यसर्थ, सबै इमानदार, प्रतिबद्ध तथा सिर्जनशील बनौं नेपालको भविष्य उज्ज्वल हुनेछ।

*(पोखरेल शिक्षा मन्त्रालयका उपसचिव हुन्।)*

# हात्तीपाइलेको औषधि नखाइदिँदा रोग निवारणमा चुनौति

**□ लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, चैत २३।** हात्तीपाइले रोग निवारणका लागि १०औं पटकको अभियानको रुपमा सरकारले चैत २० गतेदेखि देशभरका १२ तथा प्रदेश नम्बर १ का झापा मोरङ र धनकुटा गरी तीन वटा जिल्लामा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान शुरु गरेको छ।

सरकारले अभियान नै चलाएर हरेक वर्ष निःशुल्क वितरण गर्दै आएको छ। नेपालमा सन् २००३ देखि हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन थालिएको हो। सन् २००७ मा बढाएर २१ जिल्लामा अभियान सञ्चालन गरियो। सन् २०१३ मा ५६ जिल्लामा औषधि खुवाइएको थियो। सन् २०२० मा भने १३ जिल्लामा मात्रै यो अभियान सीमित रहेको सरकारी स्वास्थ्यकर्मीहरुको भनाई छ। जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईंका अनुसार जिल्लामा २०६७ देखि हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन थालिएको हो। यो दशौंचरणसम्म आईपुग्दा वा अभियान शुरु भएको एकदशक पुग्दासम्म कार्यालयले लक्ष्य कहिलै पूरा गर्न सकेको छैन्। सरकारले हरेक पटक करोडौं रुपैयाँ खर्चेर बर्षेनि हात्तीपाइले रोगविरुद्ध अभियान सञ्चालन गरे पनि लक्षित वर्गले औषधि सेवन नगरिदिँदा झापामा यो अभियान सफल हुन नसकेको कार्यालय प्रमुख ईश्वरीप्रसाद पौडेलको भनाइ छ।

सरकारले करोडौं रुपैयाँ खर्च गरेर हरेक वर्ष यस्तो अभियान सम्पन्न गरे पनि सबैले भने यो औषधि खाने गरेका छैनन्। विशेषगरी, ग्रामीण भेगको तुलनामा शहरी क्षेत्रमा बसोबास गर्ने मानिसहरुमा रहेको हात्तीपाइलेविरुद्धको औषधिलाई लिएर परेको भ्रमका कारण पनि ती क्षेत्रमा औषधि सेवन गर्नेको संख्या न्यून रहेको छ। सम्भ्रान्त र हुने खाने परिवारका सदस्यले नै हात्तीपाइले रोगविरुद्ध औषधि नखाइदिँदा रोग निवारणमा चुनौति बढेको काँकरभिट्टा स्वास्थ्य केन्द्रका अहेव लेखनाथ खतिवडाको भनाई छ। हात्तीपाइले रोगको संक्रमणबाट प्रभावित जिल्ला झापामा औषधि नखाने प्रवृत्ति छ।

२०६७ सालमा तथा अभियान शुरु भएको पहिलो वर्ष झापाका कुल ५५ दशमलव ५९ प्रतिशतले मात्र औषधि खाए। दोस्रो वर्ष यो संख्या बढेर ६२ दशमलव ५ प्रतिशतभन्दा माथि उक्लिन सकेन्। तेस्रो वर्षमा झापामा सतप्रतिशत लक्षित वर्गलाई औषधि सेवन नगराउने लक्ष्य लिएको भए पनि दोस्रो वर्षको प्रतिशतसम्म घटेर ५७ दशमलव ८५ मा झऱ्यो। त्यसपछिका वर्षहरूमा क्रमशः ६० दशमलव ८२ प्रतिशत, ६५ दशमलव ५८ प्रशित, ६८ दशमलव ०९ प्रतिशत, ६५ दशमलव ३१ प्रतिशत,७१ दशमलव ४२ प्रतिशत ६८ दशमलव ५१ प्रतिशतको मात्रै सहभागिता रहेको स्वास्थ्य कार्यालयको तथ्यांक छ।

चैत २० गते शुक्रबारबाट शुरु भएको १०औं पटकको हात्तीपाइले रोग निवारणका लागि जिल्लामा आठ लाख १६ हजार पाँच सय जनालाई यो औषधि खुवाउने वा अभियानमा सामेल गराउने लक्ष्य साथ जिल्ला स्वास्थ्य कार्यालय झापाले राखेको छ। त्यसका लागि स्वास्थ्यकर्मी र स्वस्थ्य स्वयूमसेवक छ-छ सय गरी एक हजार दुई सय परिचालन गरिएको छ। यसपटक पनि लक्ष्य पूरा हुने कुरामा कार्यालय ढुक्क छैन। कार्यालयले यो पटक ९० प्रतिशत लक्षित वर्गले हात्तीपाइले रोगविरुद्धको औषधि सेवन गर्ने अनुमान गरेको छ। आम औषधि सेवनको माध्यमबाट संक्रमणको दरलाई घटाउँदै यस रोगलाई जनस्वास्थ्य समस्याको रुपबाट निवारण गर्ने संक्रमित क्षेत्रमा बसोबास गर्ने औषधि सेवनका लागि योग्य सबै व्यक्तिहरुलाई औषधि सेवन गराउने कार्यक्रमको उद्देश्य रहेपनि यो पटक झापामा ९० प्रतिशतलाई औषधि खुवाउन सकिने कार्यालयले अनुमान गरेको फोकल पर्सन जीवन चौलागाईंले जानकारी दिए।




राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रमको लक्ष्य बमोजिम सन् २०२६ सम्म हात्तीपाइले रोगलाई जनस्वास्थ्य समस्याको रुपमा रहन नदिन रोगको प्रिभालेन्स एक प्रतिशतभन्दा तल ल्याउने कार्यक्रमको अपेक्षा गरिएको उनको भनाइ छ। पछिल्लो एक दशकयता निरन्तर अभियान चले पनि जिल्लामा अहिले पनि पाँच सय ५३ जना हात्तीपाइलेका बिरामी छन्। यो औषधि सेवन गर्दा स्वास्थ्यमा विभिन्न समस्या आउँछन् भन्ने भ्रम फैलँदा मानिसले औषधि सेवन नगर्ने गरेको कार्यालय प्रमुख पौडेलको भनाइ छ। हरेक समुदाय, नागरिक समाज, विभिन्न सरकारी गैरसरकारी, दल, अधिकारकर्मी, सञ्चारकर्मीसहित अभियानमा खटिने स्वास्थ्यकर्मीले त्यस्ता भ्रम हटाउन पहल गर्न आवश्यक रहेको उनको भनाइ छ। सर्वसाधारणले समेत औषधि खान खासै चासो नदेखाउने पौडेलको भनाइ छ। यस्तो संख्या ग्रामीणभन्दा शहरी क्षेत्रमा बढिरहेको एउटा तथ्यांकले देखाएको छ।

गत वर्ष झापाको तथ्यांकले यसलाई पुष्टि गर्ने उनले प्रष्ट पारे। नगर र शहरी क्षेत्रमै औषधि खान आनाकानी गर्ने र पढेलेखेकाले शिक्षित समुदायले नै औषधि नखाइदिँदा ग्रामीण क्षेत्रमा बुझाउन समस्या भएको प्रमुख पौडैलको भनाइ छ। कार्यालय प्रमुख पौडेलका अनुसार गर्भवती, सुत्केरी र सिकिस्त बिरामी बाहेक २ वर्षमाथिका सबैलाई औषधि खुवाइँदैछ। यो औषधि सरकारले अभियान नै चलाएर हरेक वर्ष निःशुल्क वितरण गर्दै आए पनि स्वतःस्फूर्त रुपमा सेवनका लागि खासै मानिस नआउने उनको भनाइ छ। मेचीनगर नगरपालिका स्वास्थ्य शाखा संयोजक रामनारायण यादवका अनुसार हात्तीपाइले रोग (फाइलेरिया) प्रायः बाल्यावस्थामा लाग्ने गर्छ। हात्तीपाइलेविरुद्धको औषधि निरन्तर छ वर्षसम्म सेवन गर्नुपर्ने प्रादेशिक अस्पताल भद्रपुरका मेडिकल सुपरीटेण्डन डाक्टर पिताम्बर ठाकुरको भनाइ छ।

जिल्लामा सबैभन्दा बढी हाइड्रोसिल भएका तीन सय ७२ जना रोगी छन्। हाइड्रोसिल हात्तीपाइलेका कारण हुने एक शारीरिक समस्या हो। त्यसैगरी, खुट्टा सुन्निएका ७२ हात र स्तन सुनिएका एक सय १० जना रोगी जिल्लामा रहेको गत वर्ष गरिएको सर्भेक्षणले देखाएको फोकल पर्सन चौलागाईले बताए। नेपालको कुल अंपाङ्गता मध्ये करिब ३० हजार अपाङ्गता हात्तीपाइले रोगकै कारण हुने गरेका छन्। त्यसमा सबैभन्दा धेरै हाइड्रोसिलका विरामी रहेपछि नेपाल सरकारले हाइड्रोसिलका विरामीको निःशुल्क शल्यक्रिया शुरु गर्दै आएको छ। हात्तीपाइले रोगका कारण हाइड्रोसिलका बिरामी बढेपछि सरकारले निःशुल्क शल्यक्रियाको व्यवस्था गरेको हो। यसका लागि सरकारले प्रति विरामीका दरले अस्पताललाई छ हजार रुपैया समेत उपलब्ध गराउँदै आएको छ।

सन् २००१ देखि २०१७ सम्म आइपुग्दा झापामा हात्तीपाइले रोगीको संख्या दुई दशमलव चार प्रतिशतमा झरेको सरकारी तथ्यांक छ। सन् २००१ को सर्वेक्षण अनुसार झापा जिल्लामा हात्तीपाइले रोगीको संख्या २४ प्रतिशत रहेको थियो भने २०१५ मा सर्वेक्षण गर्दा यो संख्या घटेर चार दशमलव १६ प्रतिशतमा झऱ्यो। सन् २०१७ को सर्वेक्षणले झापामा हात्तीपाइले रोगीको संख्या दुई दशमलव चार प्रतिशत रहेको देखाएको छ। नेपालका ६१ जिल्ला हात्तीपाइले रोगको जोखिममा रहेकोमा त्यसमध्ये करिब दुईतिहाई जनसंख्या अझै पनि हात्तीपाइले रोगको जोखिममा रहेको सरकारी अधिकारीहरुको भनाइ छ।

चौलागाईंले हाल ५२ देशका ८५ दशमलव छ करोड मानिसहरु विश्वमा हात्तीपाईले रोगको जोखिममा रहेका, सन् २००० सम्म १२ करोड मानिसहरु संक्रमित तथा ४ करोड मानिसहरु अङ्गभङ्ग भएका, हालसम्म ४९ दशमलव नौ करोड मानिसहरुले पूर्ण उपचार पाएको ६७ अर्व मात्रा औषधि खुवाइसकिएको, दक्षिण पूर्वी एशियाका ११ मध्ये नौ देशहरुमा यो रोगको जोखिम पाइएको, संसारभरि जोखिममा रहेका मध्ये ६५ प्रतिशत मानिसहरु यीनै नौ देशका रहेको बताए। उनले नेपालका ६३ जिल्ला जोखिममा रहेको जानकारी गराए। सन् २००१ मा यो रोगको प्रिभालेन्स १३ प्रतिशत रहेको, कुल जनसंख्याको दुई दशमलव पाँच करोड यसको जोखिममा रहेको, रुगणता प्रतिवेदना गरिएका बिरामीहरु ३० हजार भन्दा बढी धेरै हाईड्रोशील भएका र नेपालमा सन् २०१९ मा यो रोगको प्रिभालेन्स दर एक दशमलव ४७ प्रतिशत रहेको बताए।

सन् २०२८ सम्म यस रोगलाई जनस्वास्थ्य समस्याको रुपमा रहन नदिने, सन् २०१४ सम्म सबै इन्डोमिक जिल्लाहरुमा आम औषधि सेवन अभियान शुरु गरिसक्ने र सन् २०२६ सम्म रोगको प्रिभालेन्स १ प्रतिशतभन्दा कममा ल्याउने नेपालमा राष्ट्रिय हात्तीपाईले रोग निवारण कार्यक्रमको लक्ष्य रहेको वर्षको एक पटकका दरले छ वर्षसम्म आम औषधि सेवन अभियान सञ्चालन गर्ने र रोग सर्ने प्रक्रिया अवरुद्ध गराउने तथा रोगहरुको ब्यवस्था तथा अंगभंग हुन बाट रोक्ने सरकारी रणनीति रहेको बताइएको छ।

# लैङ्गिक हिंसा रोकथाम गर्न अभियान



□ विमल दाहाल

**इलाम, चैत २३।** समाजमा रहेका कुरुती, कुप्रथा, लैङ्गिक हिंसा, मानब बेचबिखन तथा ओसारप्रसारविरुद्धको सचेतनामूलक एक महिने अभियान सम्पन्न भएको छ।

माई नगरपालिकामा सञ्चालित उक्त अभियान एक कार्यक्रमकाबीच समापन गरिएको हो। माई नगरपालिकाकी उपमेयर बिष्णुमाया आचार्यको अध्यक्षता तथा मेयर दिपककुमार थेबेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो।

कार्यक्रममा प्रमुख अतिथि मेयर थेबेले कुरुती, कुप्रथा, लैङ्गिक हिंसा, मानब बेचबिखन तथा ओसारप्रसारविरुद्धको सचेतनामूलक अभियानमा नगरसँगको सहकार्यमा मानब अधिकार मञ्च, करुणा फाउण्डेशन नेपाल, स्वास्थ्य शाखा र महिला सशक्तिकरण समूहको भूमिका माईमा उल्लेखनीय रहेको जानकारी दिए। उनले हेराइ, बोलाइ र व्यहवारबाट पनि हिंसा हुने भएकाले बिद्यालय तहमा किशोर किशोरी मार्फत अन्त्यका लागि लाग्दा जघन्य अपराधको न्यूनीकरण गर्न सकिने धारणा राखे। उनले हिंसा अन्त्यका लागि नगरले जस्तोसुकै अभियान सञ्चालन गर्न क्रियाशील रहने प्रतिबद्धता जनाए।

त्यस्तै उपमेयर बिष्णुमाया आचार्यले वडा वडामा रहेका महिला सशक्तिकरण समुहले महिला हिंसा न्यूनीकरणमा सहयोग गरेको बताइन्। उनले हिंसाबारे सामाजिक पहुँच भएका व्यक्तिकै भनाइ र व्यवहार फरक रहने गरेको धारणा राखिन्। न्यायिक समितिलाई नै महिला हिंसाको सन्दर्भमा स्वतन्त्र काम गर्न अवरोध रहने गरेको उनले बताइन्।

त्यस्तै स्वास्थ्य शाखा प्रमुख पुष्कर कट्टेलले केही समयअघि संस्थागत बर्थिङ गराउनेमा चार महिलामा तीन जना २० बर्षमुनिका रहेकोमा हाल सुधार भए पनि बालविवाह र गर्भपतनको सन्दर्भलाई हेर्दा किशोरीहरु हिंसामा परेको बताए। अनमी कमला श्रेष्ठले अविवाहित र विवाहित महिला पनि इच्छा बिनाको गर्भपतन गर्न समयसीमा नाघेर आउने गरेकाले थय समस्या रहने बताइन्।

त्यसैगरी लोदिया प्रहरी चौकीका प्रमुख पदमसुन्दर लावतीले महिला हिंसाका घटना पछिल्लो समय सम्बन्धबिच्छेद, दुर्व्यवहार र अमानवीय क्रियाकलापका आउने गरेकोमा सुरक्षा निकायले यसलाई कानूनी बाटोमा पठाउने गरेको धारणा राखे। सशस्त्र प्रहरी बेश क्याम्प दानाबारीका प्रमुख दिलिपकुमार श्रेष्ठले सशस्त्र प्रहरीको क्याम्प सीमा क्षेत्रमा रहेकाले मानव बेचबिखनमा न्यूनीकरण आएको दाबी गर्दै समुदायमा साँझ ६ बजेबाट ९ बजेसम्म शतप्रतिशत महिला हिंसाका घटना हुने जानकारी दिए।

कार्यक्रममा महिला, बालबालिका शाखा प्रमुख जमुना पौड्यालले माई नगरपालिकाको तथ्यांक हेर्दा ३३ प्रतिशत महिलाले अझै पनि १६ बर्षभन्दा कम उमेरमा सुत्केरी हुने गरेकोले समस्या बिकराल बन्दै गएको बताइन्।

कार्यक्रममा माओबादी केन्द्रका अध्यक्ष धनबहादुर लिम्बूले संस्कार र परम्परालाई परिवर्तन गर्न नसक्ने हो भने कानूनी पाटो कार्यान्वयन गर्न असहज रहने धारणा राखे। करुणा फाउण्डेशन नेपालका समुदाय संयोजक विमल दाहालले बिद्यालय शिक्षा, सुनौला हजार दिनका आमाहरुलाई स्वास्थ्य शिक्षा, स्वास्थ्य अभिमुखिकरण कार्यक्रमले हिंसा न्यूनीकरण गर्न सहज भएको बताए। मानव अधिकार मञ्चकी निरुता थापाले हिंसा न्यूनीकरणका लागि बिभिन्न कार्यक्रम सञ्चालन गर्दै रहेको जानकारी दिए।

कार्यक्रमको सञ्चालन महिला शाखा प्रमुख जमुना पौड्यालले गरेकी थिइन्। एक महिनासम्म बिभिन्न कार्यक्रम गरी अभियानको समापन गरिएको हो।

# अग्नि नियन्त्रण तालिम




**बिर्तामोड, चैत २३।** वीरता जेसीजको आयोजनामा बिर्तामोडमा अग्नि नियन्त्रण तालिम सम्पन्न भएको छ।

आगलागीका घटना हुनेबित्तिकै तत्काल दमकल पुग्न नसक्ने र दमकल पुग्नुभन्दा अघि स्थानीयस्तरमा नै आगलागी नियन्त्रण गरी ठूलो क्षति हुनबाट जोगाउन सक्षम बनाउने उद्देश्यले अग्नि नियन्त्रण तालिम आयोजना गरिएको वीरता जेसीजका अध्यक्ष राजीव धिमालले बताए।

सशस्त्र प्रहरी गण २ नम्बर गण भद्रपुर झापाको प्राविधिक सहयोगमा बिर्तामोडस्थित टावर टेम्पल स्कूलमा भएको तालिममा टावर टेम्पल स्कूलका विद्यार्थी, अभिभावक, वीरता जेसीजका पदाधिकारीहरुको सहभागिता रहेको थियो। तालिममा सहभागीलाई सशस्त्र प्रहरी गण २ नम्बर गण भद्रपुर झापाका प्रहरी निरिक्षक रवीन ढुंगेलले ग्यास, पेट्रोलियम पदार्थ, भौतिक संरचना एवम् विभिन्न प्रकारका केमिकलहरुमा लाग्ने आगो नियन्त्रण र उद्धारका कार्य कसरी गर्ने भन्नेबारेमा तालिम प्रदान गरेका थिए।

वीरता जेसीजका अध्यक्ष राजीव धिमालको अध्यक्षता तथा सशस्त्र प्रहरी गण २ नम्बर गण भद्रपुर झापाका प्रहरी नायव उपरिक्षक प्रेम आचार्यको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वीरता जेसीजका प्रकरण निर्देशक तथा कार्यक्रम संयोजक कमल श्रेष्ठले स्वागत गरेका थिए।

कार्यक्रममा नेपाल जेसीजका पूर्व राष्ट्रिय उपाध्यक्ष तथा वीरता जेसीजका पूर्व अध्यक्ष विशाल थापाले आगलागी हुँदा दमकल एवम् सुरक्षाकर्मी भन्ने बित्तिकै पुग्ने अवस्था नरहने अवस्थामा स्थानीयस्तरमा तालिम प्राप्त युवाले अग्नि नियन्त्रण एवम् उद्धारका कार्यमा महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिए।

वीरता जेसीजका खेल संयोजक दिपेन धिमालले आस्था वाचन गरेको कार्यक्रममा टावर टेम्पल स्कूलका प्रिन्सिपल तेजप्रसाद भट्टराईले धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको सञ्चालन वीरता जेसीजका महासचिव लोकचन्द्र श्रेष्ठ (एलसी)ले गरेको कार्यालय सचिव सञ्जय राजवंशीले जानकारी दिए।

# सुन्दर बचतको विशेष सभा

**बिर्तामोड, चैत २३।** सुन्दर बचत तथा ऋण सहकारी संस्था बिर्तामोड-४ को विशेष साधारण सभा सम्पन्न भएको छ।

सरकारले ल्याएको सहकारी एकीकरण सम्बन्धी नीति अनुसार बिर्तामोड-४ को सुन्दर बचत तथा ऋण सहकारी संस्था र दमकको मेची सहकारी संस्थाबीच एकीकरणका लागि अनुमोदन गर्न विशेष साधारण सभाको आयोजना गरिएको संस्थाका अध्यक्ष उत्तम खनालले बताए। संस्थाका अध्यक्ष उत्तम खनालको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाकी व्यवस्थापक दुर्गा खनाल पोखरेलले स्वागतसहित औचित्यमाथि प्रकाश पारेकी थिइन्।

कार्यक्रममा संस्थाका सल्लाहकार संयोजक तथा संस्था एकीकरण समितिका संयोजक सञ्जीव चापागाईंले बिर्तामोड-४ को सुन्दर बचत तथा ऋण सहकारी संस्था र दमकको मेची



सहकारी संस्थाबीच एकीकरण गर्न गरेको तयारी बारे जानकारी गराएका थिए।

कार्यक्रममा संस्थाकी उपाध्यक्ष विष्णुकुमारी शिलवाल आचार्य, ऋण समिति संयोजक देवी संग्रौला, ग्रील तथा स्टील व्यवसायी संघ झापाका अध्यक्ष तेजेन्द्र उप्रेती, लेखा समितिका सदस्य लक्ष्मीप्रसाद गौतम लगायतले शुभकामना दिएका थिए। कार्यक्रमको सञ्चालन संस्थाका सचिव प्रेमप्रसाद पोखरेलले गरेका थिए।

# लागूऔषधसहित एक जना पक्राउ

**सुनसरी, चैत २३।** सुनसरी धरान-८ भोटेपुलका २७ बर्षीय सविन नेपालीलाई लागूऔषधसहित पक्राउ गरिएको छ।

बिशेष सूचनाको आधारमा नेपालीको घरकोठामा लुकाई-छिपाई राखेको विभिन्न लागूऔषधसहित उनलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ।


## बिरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ। साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ।

फाल्गुनन्द आयुर्वेद फार्मेसी
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा
मो. ९८४२६४३६१८/९८०४९९४८८०

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## बिमालेख तथा कागजात हराएको सूचना

सुरुङ्गाबाट विराटनगर जानेक्रममा यही मिति २०७७/११/२० गते मेरो निम्न व्यहोराको अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO) को बीमालेख तथा पोलिसी एग्रीमेन्ट पेपर हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- नबिना उप्रेती
**ठेगाना**:- झापा गाउँपालिका-६
**बीमालेख नं.**:- ५५३१३
**कम्पनी नाम**: अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO)
**सम्पर्क**:- ९८०४९२१७९८

## बिमालेख हरायो

अर्जुनधाराबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/११/२३ गते मेरो निम्न व्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- प्रकृति विश्वकर्मा
**ठेगाना**:- अर्जुनधारा-६, झापा
**पोलेसी नं.**:- ०२०००८४८९६
**कम्पनी नाम**: गुराँस लाइफ इन्स्योरेन्स क.लि.
**सम्पर्क**: ९८१७०२९४१९

## बिमालेख हरायो

अर्जुनधाराबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/११/२३ गते मेरो निम्न व्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- नरबहादुर विश्वकर्मा
**ठेगाना**:- अर्जुनधारा-६, झापा
**पोलेसी नं.**:- ०२३०००२६२६
**कम्पनी नाम**: गुराँस लाइफ इन्स्योरेन्स क.लि.
**सम्पर्क**: ९८१७०२९४१९

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| छविलाल उप्रेती | शिवगंज- ५ | १० | ०-१७-१० | जयप्रसाद/जयप्रसाद खरेल |
| मानबहादुर माझी | शिवगंज- ९ | २४४ | ०-१-० | वलवीर कुसहर माझी |
| " | " | २४५ | ०-१५-० | " " |
| विष्णुबहादुर खत्री | शनिश्चरे-९ | १०४५ | ०-५-१० | लालबहादुर भुजेल |
| सत्यनारायण सिंह राजवंशी | पाठामारी-६ | ८११ | ६१८.४९ | जेठा सतार |
| रनमाया बुढाथोकी | माहाभारा-१ | ९९३ | ०-२-१० | रामजी नुनिया |
| " | " | १६३१ | ०-८-० | " |
| डम्मरकुमारी कार्की | माहाभारा-१ | ९९४ | ०-१४-० | रामजी नुनिया |
| " | " | ९९६ | ०-६-० | " |
| दिनेश दुलाल समेत | गौरादह-७ | ३७१ | १००२०.०० | प्रभु ताजपुरिया |
| प्रेम भण्डारी | चन्द्रगडी-६ | ४९९३ | १-३-१० | कालो हरि/कालु सिंह राजवंशी |
| शशी भण्डारी | चन्द्रगडी-६ | ४९९२ | ०-१-० | कालो हरि/कालु सिंह राजवंशी |
| दर्गा धमला | दमक-४ | ६०४३ | ३३८.६३ | खर्गबहादुर/खड्गबहादुर/राजनबहादुर बुढाथोकी |

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : MUMBAI SAGA

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३० ।
(फोन नं. ०२३-५४६४३६)

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।




## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

## तु- चाहियो

कृषिफर्ममा बसेर काम गर्ने दम्पत्ति चाहियो।

**सम्पर्क फोन नं.**
**९८१५०८०३९१**

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउनेबारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरुमा यही मिति २०७७ साल चैत २० गतेदेखि हात्तीपाइले रोगविरुद्धको औषधि तालिम प्राप्त स्वास्थ्यकर्मीहरुद्वारा खुवाइरहेको व्यहोरा सम्पूर्ण नगरबासीहरुमा जानकारी गराइन्छ। यो अभियान २०७७ चैत २९ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधि आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराइ जनस्वास्थ्य समस्याको रुपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ।

**हात्तीपाइले रोगका लक्षणहरु :**

- जाडो लागी ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फ नलीहरु सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला काला धर्साहरु देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरु बढ्ने तथा पुरुषको अण्डकोष वरपर नशाहरु फुल्ने
- पुरुषमा अण्डकोष ठूलो भई हाइड्रोशिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुन्निने र दुख्ने
- खुट्टाहरु सुन्निएर हात्तीपाइले हुन
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि।

दुई वर्षमुनिका बालबालिकाहरु, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरु र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरु बाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरुबाट छुट्कारा पाउन अनिवार्य रुपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ।

**थप जानकारीका लागि सम्पर्क व्यक्तिहरु**

१) श्री प्रेमप्रसाद पाण्डे, वडा नं. १ र २ का लागि, सम्पर्क नं. : ९८५२६५५९४०
२) श्री लीलाप्रसाद पोखरेल, वडा नं. ३,४,५ र ६ का लागि, सम्पर्क नं. ९८०६०४३५३३
३) श्री राजीवकृष्ण बिष्ट, वडा नं. ७,८, ९ र १० का लागि, सम्पर्क नं. ९८५२६४७४४४

जनचेतनाका लागि
**बिर्तामोड नगरपालिका स्वास्थ्य शाखा बिर्तामोड, झापा**

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला।

**लेखापाल : १ जना**
**योग्यता : +२ पास (अनुभवी)**

**सेक्टरवान सेक्यूरिटी सर्भिस**
बिर्तामोड, झापा
**फोन सम्पर्क :**
(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००।- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ। यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदा नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला। समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ। कामको सन्दर्भमा केही वादविवाद हुन सक्छ। संयम रहनुपर्ला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला। मेहनत गर्दा काम बनाउन सकिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रमाइलो दिन छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने हौसला बढ्ला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। पुरानो समस्या दोहोरिएला। काम कार्यमा विचार गर्नुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ। समय दिन नसक्दा बन्न लागेको काम रोकिन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ। पछि आम्दानी हुने काम फेला पार्न सकिनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बलजफ्तीले हानी पुऱ्याउनेछ भने फाइदाका पछि लाग्दा शुभचिन्तक र नजिकका साथीभाइ टाढिन सक्छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पार्न सकिनेछ। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा हुनेछ।